

"तर तिमिहरू जो त्यस बेला खीष्ट येशूबाट टाढा थियौ, अब खीष्टको रगतले नजिक भएका छौ ।
इफिसी २:१३

## स्वर्गमा जानको निम्ति

स्वर्गमा जानको निम्ति यो तपाईले बुझ्न आवश्यक छ कि :

ए " किनकि सबैले पाप गरेका छन, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन् "
किनकि पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैको वरदान खीष्ट
येशू हाम्रा प्रभुमा अनन्त जीवन हो । रोमी ६:२३, ६:२३ ।

स्वर्गमा जानको निम्ति यो तपाईले जान्नु उत्साहजनक कुरा हो
कि जुन कुरा येशूले भन्नुभयो :

ड "मेरो पिताको घरमा बस्ने ठाउँहरु धेरैं छन । त्यसो नभए,के म तिमिहरुलाई भन्नेथिएँ र, कि तिमीहरुको निम्ति ठाउँ तयार पार्न म गइरहेछु ? अनि गएर मैले तिमिहरुको निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु र तिमीहरुलाई म कहाँ लैजानेछु ,र जहाँ म छु त्यहाँ तिमीहरु पनि हुनेछौ । यहुन्ना १४: १,२

स्वर्ग जानको निम्ति यो तपाईले जान्नु उदेकको कुरा हो जुन कुरा येशुले भन्नुभयो :

ड " पवित्र धर्मशास्त्र अनुसार खीष्ट हाम्रो पापका निम्ति मर्नुभयो । "मृत्युद्वारा नै मृत्युको शक्ति भएकोलाइ अर्थात दियाबलसलाइ उहाँले नष्ट गरुन,।" अब परमप्रभुले घोषना गर्नुहुन्छ ,जीवितचाहिँ म नै हुँ । म मरेको थिएँ । हेर म सदासर्वदाको निम्ति जीवित छु , अनि मृत्यु र पातालका साँचाहरू मसित छन ।
१ कोरन्थी १५:३, हिब्रु २:१४, प्रकाश १:१८

स्वर्ग जानको निम्ति यो तपाईले बुझ्नु अति अवश्यक छ कि उद्धार परमेश्वरको सित्तैको उपहार हो किनकि पश्चताप गर्ने पापीहरुको निम्ति :

स किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरुले उद्धार पाएका छौ । यो तिमीहरु आफैंबाट होइन यो त परमेश्वरको वरदान हो । ढोका म नै हुँ यदी कोही मानिस मबाट भित्र पस्यो भने त्यो बचाइनेछ ।
इफिसि २:८, यहुन्ना १०: ९

# आशाविहिनहरुको लागि आशा



## एड्स

तपाईसँग छ या छैन

परमेश्वरले तपाईको लागि एउटा मार्ग बनाउनुभयो ।
स्वर्गमा जानको निम्ति

# परमेश्वरले शैतान माथि कसरी विजयी हुने भन्ने कुरा पनि भन्नुभयो ।

| | |
|---|---|
| तिनिहरुले उसमाथि विजयी पाएँ... । | यसको अर्थ तपाइको लागि शैतान माथि विजयी हुन् सम्भव छ । यो परमेश्वरको शत्रु हो जसले तपाईको पाप र असफलतालाई दोष्याई रहन्छ । शैतानले सधैं तपाईको लागि स्वर्गमा जाने आशा छैन भ नि सोचिरहोस भन्ने चाहन्छ । |
| थुमाको रगत द्वारा... | यसको अर्थ यधपि प्रत्येक जनको रगतमा मृत्युको बिज रहेको हुन्छ । प्रभु येशू खीष्टको रगत मात्र निष्कलंक थियो । यो उहाँको बहुमुल्य रगत तपाइको पापको लागि बगाइयो । यदि तपाई प्रभु येशू खीष्टमाथि विश्वास गर्नुहुन्छ भने अब शैतानले तपाईलाई दोष लगाइरहने छैन किनकि येशू खीश्टको रगतले शैतानको पकडवाट तपाईलाई छुटकारा दिइएको छ । |
| तिनीहरुको गवाहीको वचनद्वारा... | यसको अर्थ तपाइले प्रभु येशू खीष्टलाई आफ्नो जीवनको प्रभु र मुक्तिदाता भनि स्वीकार गर्ने निर्णय लिनु भएको कुरा अरू कसैलाई भन्नुपर्दछ । |
| र तिनिहरुले मृत्यु सम्मै पनि आफ्नो ज्यानको माया राखेनन" प्रकाश १२: ११ | यसको अर्थ किनकि येशू खीष्ट तपाईको लागि मर्नुभयो, अब तपाईको प्रेम उहाँको लागि आफ्नो जीवनभन्दा पनि महान छ । आफनो वचनहरुले भन्नुहोस कि तपाइले उहाँलाइ कति प्रेम गर्नुहुन्छ भनेर । |

परमेश्वरले सुरक्षित यौन सम्बन्धको निम्ति एउटा मात्र मार्गको योजना गर्नुभयो । एउटा पुरुष, एउटा स्त्री, एउटा वैवाहिक सम्बन्धमा रहेको

किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्नो एक मात्र पुत्र दिनुभयो ताकि उहाँ माथि विश्वास गर्ने कोहि पनि नाश नहोस तर त्यसले अन्नत जीवन पाओस । यहुन्ना ३:१६

परमेश्वरको प्रेमको प्रतिउतर दिन र तपाईसँग अनन्तको जीवन छ भन्ने कुराको निश्चयता दिनको निम्ति तपाईले आफ्नो हृदयवाट परमेश्वरसँग प्रार्थना गर्नुहोस । तपाईको अनन्तको गन्तव्य प्राप्ति परमेश्वरको अचम्मको प्रेमको प्रतिक्रिया सहित तपाईले गरेको हृदयदेखिको प्रार्थनामा भर पर्नेछ । तपाईलाइ अहिले नै यस्तै प्रकारको प्रार्थना गर्नको निम्ति आग्रह गर्दछौ ।

## मेरो प्रार्थना

सर्वशक्तिमान परमेश्वर, म तपाईको अघि झुकदछु र म एक पापी हुँ भनि मानिलिन्छु । म मेरो पापको कारणले मृत्यु भोग्नु पर्ने मानिस । तपाईलाइ धन्यवाद म मर्नु पर्ने क्रुसमा येशू खीष्टलाई मर्नको निम्ति पठाउनु भयो । म अहिले नै मेरो पापवाट फर्किदछु । मेरो विश्वास प्रभु येशू खीष्ट उद्धारकर्ता माथि राख्दछु । कृपा गरि मलाई क्षमा गर्नुहोस । मेरो हृदय र जीवनलाइ शुद्ध गर्नुहोस । मैले शैतानप्रति दिएको सबै निष्ठा र भक्तिलाइ प्रभु येशू खीष्टको बहुमुल्य रगतको शक्ति द्वारा इन्कारको घोषना गर्दछु । अब म प्रभु येशु खीष्टलाई मेरो हृदय र मेरो जीवनमा आउनुहोस र तपाईको आत्माले मलाई भर्नुहोस भनि मेरो जीवनमा निम्ताउदछु । तपाईलाई धन्यवाद परमेश्वर मैले तपाइमा क्षमा पाएर प्रभु तपाईलाई धन्यवाद मैले नयाँ जन्म पाएको छु । एक दिन म तपाईसँग स्वर्गमा रहनेछु । आमेन ।

टि.डब्लु.आर-नेपाल जि.पि.ओ.नं. ८९५७, इ.पि.सी.नं.२५६१, काठमाण्डौं
फोन नं. ९८४७०३५६७९,९८१३३००६९०, ०१५५९१०५३